# सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना**ः सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा ७ मा संशोधन**ः सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानुनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभा सञ्चालन सम्बन्धी कार्य गर्ने,

(ख) प्रदेश सभा सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ग) प्रदेश सभाका कर्मचारीको प्रचलित कानुन बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(घ) प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समितिसमक्ष पेस गर्ने, गराउने,

(ङ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने, गराउने,

(च) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(छ) सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्य, सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गर्ने, गराउने,

(ज) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने, गराउने,

(झ) सचिवालय र अन्य निकायबिच समन्वय कायम गर्ने, गराउने,

(ञ) प्रदेश सभा र सचिवालयको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने, गराउने,

(ट) प्रदेश सभा र प्रदेश सभाका समितिको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने,

(ठ) गैर सरकारी विधेयक सम्बन्धमा अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

३. **मूल ऐनको दफा ११ मा संशोधनः** (१) मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) सचिवको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह हुनेछ ।"

(२) मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

"**११क. एउटा सुविधा मात्र पाउनेः** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-

(क) “नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।"

४. **मूल ऐनको दफा १४ संशोधनः** मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"**१४. दैनिक तथा भ्रमण भत्ताः** प्रदेश सभा र सचिवालयको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।"

५. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"**१५. <u>पोसाक सुविधा</u>**: सचिवलाई प्रदेश सरकारले प्रत्येक वर्ष प्रमुख सचिवले पाए सरहको रकम पोसाक भत्ता बापत उपलब्ध गराउनेछ ।"

६. **<u>अनुसूचीमा संशोधनः</u>** अनुसूची-१ को सट्टा देहालयको अनुसूची-१ राखिएको छः-

## अनुसूची -१

(दफा २६ सँग सम्बन्धित)

### **<u>शपथ</u>**

म ...................... नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि सुदूरपश्चिम प्रदेश सभाको सचिव पदको जिम्मेवारी प्रचलित कानुनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीका साथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

हस्ताक्षरः

नाम, थरः

पदः

मितिः

<u>द्रष्टव्यः</u> शपथको ढाँचामा रहेको "प्रतिज्ञा गर्दै" भन्ने शब्दपछि रहेका "ईश्वरको" वा "देश र जनताको" भन्ने शब्दमध्ये शपथमा कुन शब्द प्रयोग गर्ने हो, शपथ ग्रहण गर्नु अघि शपथ गराउने पदाधिकारीलाई जानकारी दिनु पर्नेछ ।

प्रदेश सभाको सम्वत् २०८२ साल असार १३ गते शुक्रबारका दिन बसेको छैटौं अधिवेशनको तेह्रौं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

भीम बहादुर भण्डारी
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति २०८२।०३।२३

सुदूरपश्चिम प्रदेशका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।
मितिः-

..........................

नजिर मियाँ
प्रदेश प्रमुख